गढीमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

समनपुर, रौतहट

प्रदेश नं.२, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०७७।०७।०४)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क. र यस गढीमाई नगरपालिकाको आर्थिक ऐन, २०७७ को दफा १३ बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी गढीमाई नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल :

| सि. नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | १/०१/०७७/०७८ | बागमति नदीको नदिजन्य पदार्थ बिक्री - समनपुर, मदनपुर, लक्ष्मीपुर घाट (गढीमाई न.पा.-१, २, ३ र ५) | ५६२०१०६ | ३,३०,००,०००।- | १६,५०,०००।- | ५०००।- |

शर्तहरु :

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा बैंक अफ काठमाडौं लि., गढीमाई शाखा, रौतहटमा रहेको यस कार्यालयको धरौटी खाता नं. - ग.३ - ०१७९००००१३२५२४ मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा वा यस कार्यालयको माथि उल्लेखित बैंक खाता नं. मा जम्मा गरेको भौचर/नगदी रसिदलाई बोलपत्र सम्बन्धी कागजातसाथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको बैंक अफ काठमाडौं लि., गढीमाई शाखा, रौतहटमा रहेको धरौटी खाता नं. ०१७९००००१३२५२४ मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त " क " वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्यादसहित जारी गरिएको बिड बण्ड शिलबन्दी खामसाथ पेश गर्नुपर्नेछ।

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२ बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गराउनुपर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दर्ता गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधी, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले ३२ औं दिन दिनको २:०० बजे गढीमाई नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सकिनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तरहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको रकम नगदै बुझाउँदा १०% ले छुट हुने रकम कट्टा गरी बाँकी रहेको सम्पूर्ण रकम अनिवार्य बुझाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन् आउने रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website : www.gadhimaimun.gov.np मा समेत हेर्न सकिनेछ ।)

२०७६/८/०४

नि.प्रमुख प्रशासकीय अधिकृत

नागेन्द्र ...
नि. प्रमुख प्रशासकीय अधिकृत